खोटेहाङ गाउँपालिका

# बाँझो जमिनमा व्यवसायिक फलफूल बगैंचा स्थापना अनुदान सञ्चालन कार्यविधि-२०७७

कार्यपालिकाबाट स्वीकृत मिति : २०७७/०९/१६

खोटेहाङ गाउँपालिका

खोटाङ जिल्ला

१ नं प्रदेश

# प्रस्तावना

खोटेहाङ गाउँपालिकामा रहेका खेती योग्य जमिनहरु बाँझिन्दै गइरहेको छ । खेती योग्य जमिन बाँझिन्दै जानुको पछाडि विभिन्न कारणहरु छन् । वैदेशिक रोजगारी र शहर-बजार बसाइँ जानेहरु बढेपछि गाउँघरमा कृषि कर्म गर्नेहरुको संख्या कम हुँदै गइरहेको छ । जङ्गली जनावरहरुको अतिक्रमणले समेत गाउँघरको खेतीपातीमा प्रत्येक्ष असर पुर्याउँदै आएको छ । खेती योग्य जमिनहरु बाँझिन्दै जानु भनेको परनिर्भरता बढ्नु मात्रै होइन रोजागारीको अवसर गुम्नु पनि हो । बाँझिएका जमिनहरुमा पुनः खाध्यान्न उत्पादनको सम्भावना भए पनि आम कृषकहरुको आकर्षण कम छ । अतः बाँझो जमिनमा फलफूल रोप्न किसानहरु/सामुदायिक संस्थाहरुलाई प्रोत्साहन गर्न बान्छनीय भएको हुनाले यो कार्यविधि जारी गरी लागू गरिएको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

### १.संक्षिप्त नाम र प्रारम्भः-

(क) यस कार्यविधिको नाम **बाँझो जमिनमा व्यवसायिक फलफूल बगैंचा स्थापना अनुदान सञ्चालन कार्यविधि-२०७७** रहेको छ ।

(ख) यो कार्यविधि गाउँ कार्यपालिकाबाट स्वीकृत भएको मितिबाट लागू हुनेछ ।

### २) परिभाषाः

विषय वा प्रशंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) **"कार्यपालिका"** भन्नाले खोटेहाङ गाउँ कार्यपालिकालाई बुझ्नु पर्छ ।

(ख) **"समिति"** भन्नाले खोटेहाङ गाउँपालिकाको कृषि विकास समितिलाई बुझ्नु पर्छ ।

(ग) **"शाखा"** भन्नाले खोटेहाङ गाउँपालिकाको कृषि तथा पशु विकास शाखालाई बुझ्नु पर्छ ।

(घ) **"वडा कार्यालय"** भन्नाले खोटेहाङ गाउँपालिकाको वडा कार्यालयलाई बुझ्नु पर्छ ।

(ङ) **"मुल्याङ्कन समिति"** भन्नाले यस कार्यविधिको बुँदा नं ४ बमोजिम गठन भएको समितिलाई बुझ्नु पर्दछ ।

(च) **"उद्यमी/व्यवसायी"** भन्नाले गाउँपालिका तथा करदाता कार्यालयमा व्यवसाय दर्ता तथा नवीकरण गरेका कृषि/पशु फार्म तथा व्यवसायिक कृषकहरुलाई बुझ्नु पर्दछ ।

### ३) कार्यक्रम सञ्चालनको उद्देश्यः

यस कार्यक्रमको उद्देश्यहरु देहाय बमोजिमको हुने छ ।

(क) बाँझो जमिनलाई उपयोगमा ल्याउने ।

(ख) बसाँई जाने प्रवितिलाई निरुत्साहित गर्ने ।

(ग) जमिनको बहु उपयोगमा जोड दिने ।

(घ) कृषि क्षेत्रमा रोजगारीको सिर्जना गर्ने ।

(ङ) सामूहिक रुपमा फलफूल रोप्न प्रोत्साहित गर्ने ।



प्रदीप राई
गाउँपालिका अध्यक्ष

# परिच्छेद-२

## कार्यक्रम सञ्चालन प्रक्रिया

### ४) कार्यक्रम सञ्चालन गरिने वडाहरु :

यो कार्यक्रम खोटेहाङ गाउँपालिकाका सबै वडाहरुमा सञ्चालन गरिने छ ।

### ५) प्रस्ताव आह्वान

(क) यस कार्यविधि बमोजिम कृषि फार्म तथा संस्थाहरुलाई अनुदान उपलब्ध गराउन गाउँपालिकाको कृषि विकास शाखाले तोकिएको ढाँचामा इच्छुक कृषि उद्यमी, समूह, सहकारी, सामुदायिक बन, सामुदायिक विद्यालयहरुलाई स्थानीय पत्रपत्रिका, स्थानीय रेडियो, गाउँपालिकाको वेभसाइट, फेसबुक पेज आदि मार्फत कम्तीमा १५ दिनको समय दिएर प्रस्ताव आह्वान गर्नुपर्ने छ । यस्तो सूचना गाउँपालिका तथा सम्पूर्ण वडा कार्यालयहरुको सूचना बोर्डमा टाँस गर्ने व्यस्था मिलाउनु पर्ने छ ।

(ख) यस कार्यविधि अनुरुप अनुदान माग गर्न चाहने कृषि उद्यमी, समूह, सहकारी, सामुदायिक बन, सामुदायिक विद्यालय लाई तोकिएको मिति भित्र कार्य विवरण सहित अनुसूचि १ को ढाँचामा प्रस्ताव पेश गर्नु पर्ने छ ।

(ग) आवेदकहरुले सम्वन्धित कार्यालयमा पेश गर्ने प्रस्तावको साथमा सम्बन्धित वडा कार्यालयको सिफारिस, जग्गाधनी प्रमाण-पूर्जाको प्रतिलिपि, व्यवसाय/समूह/संस्थाा दर्ता/नवीकरण प्रमाण-पत्र, PAN/VAT दर्ता प्रमाण-पत्र, करचुक्ता प्रमाण-पत्र, अनुभव तथा तालिमको प्रमाण-पत्रको प्रतिलिपि आदि पेश गर्नु पर्नेछ ।

### ६) प्रस्ताव मूल्याङ्कन समिति

१) यस कार्यविधि बमोजिम अनुदान हस्तान्तरणको लागि प्राप्त प्रस्तावहरु छनौट गर्न देहाय बमोजिमको एक प्रस्ताव मूल्याङ्कन समिति रहने छ ।

| | |
|---|---|
| क) खोटेहाङ गाउँपालिकाका उपाध्यक्ष | -संयोजक |
| ख) कृषि विकास समितिका संयोजक | -सदस्य |
| ग) गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको गाउँपालिकाका १ कर्मचारी | -सदस्य |
| घ) कृषि विकास समितिले तोकेको एक महिला सदस्य | -सदस्य |
| ङ) कृषि विकास शाखा प्रमुख | -सदस्य सचिव |

२) मूल्याङ्कन समितिको बैठक आवश्यकता अनुसार बस्ने छ ।

३) मूल्याङ्कन समितिको बैठकमा आवश्यकता अनुसार गाउँपालिकाका अध्यक्ष, वडाध्यक्षहरु तथा विषय विज्ञहरुलाई आमन्त्रण गर्न सक्रिने छ ।

४) मूल्याङ्कन समितिले आवश्यकता अनुसार अन्य विज्ञहरुलाई समेटेर स्थलगत अध्ययन समेत गर्न सक्ने छ ।

५) मूल्याङ्कन समितिले प्राप्त प्रस्ताव र स्थलगत अनुगमन समितिको प्रतिवेदनलाई आधार मानेर अनुसूची २ अनुसारको फारम भर्नु पर्ने छ । ५०% भन्दा कम अङ्क प्राप्त गर्ने आवेदनलाई कार्यक्रममा सहभागी गराईने छैन ।

खोटाङ गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय खोटाङबजार, खोटाङ २०७३

प्रदीप राई
गाउँपालिका अध्यक्ष

## ७) अनुदान सम्बन्धि व्यवस्था:

(क) यो अनुदान कार्यक्रममा खोटेहाङ गाउँ पालिकामा स्थायी बसोबास गरी कृषि फर्म दर्ता गरेका वा गाउँपालिकाको क्षेत्रभित्र कार्यक्षेत्र रहेको समुह, सहकारी, सामुदायिक बन, सामुदायिक विद्यालयले आवेदन दिन सक्ने छन् । फलफूल लगाउने स्थान एउटै क्लष्टरमा हुनु पर्ने र एकै प्रकृतिको फलफूल रोप्नु पर्ने छ ।

(ख) यस अनुदान कार्यक्रममा सहभागी हुनको लागि तपशिल बमोजिमको फलफूल तोकिए बमोजिमको संख्या/क्षेत्रफल र दूरी कायम गरी लगाउनु पर्ने छ ।

| क.सं | फलफूलको नाम | लगाउनु पर्ने न्यूनतम् संख्या (क्षेत्रफल) | क्षेत्र | कायम गर्नु पर्ने दुरी |
|---|---|---|---|---|
| १ | कागती | ५० बोट | १६०० मीटर भन्दा तल | विजु ५ मी/कलमी ३ मी |
| २ | सुन्तला | ५० बोट | १००० देखि १४०० मीटरको उचाईमा | ५ देखि ७ मीटर |
| ३ | एभोकाडो | ३५ बोट | खोटेहाङको चिस्यान भएको सबै क्षेत्र | ७ मीटर |
| ५ | आँप | ३५ बोट | १००० मीटर तलको भूगोल | ७ मीटर |
| ६ | लिची | ३५ बोट | १००० मीटर तलको भूगोल | ७ मीटर |
| ७ | किवी | ५० बोट | १००० मीटरदेखि २००० मीटरसम्मको भूगोल | प्राविधिक सल्लाह अनुसार |
| ८ | केरा | ५० बोट | उच्च पहाड बाहेकका क्षेत्र | प्राविधिक सल्लाह र जात अनुसार |
| ९ | दाँते ओखर | ३५ बोट | १००० देखि २५०० मीटरसम्म (चिस्यान भएको र सेपिलो जमिन) | ७ मीटर |
| १० | रुख कटहर | ३५ बोट | १००० मीटर तलको भूगोल | ७ मीटर |
| ११ | ड्रागन फ्रुट | ३ रोपनी | १५०० मीटर तलका सुख्खा क्षेत्र | प्राविधिक सल्लाह अनुसार |
| १२ | स्ट्रबेरी | ३ रोपनी | १००० देखि २००० मीटरसम्म | प्राविधिक सल्लाह अनुसार |
| १३ | जापानिज कटुस | ३५ बोट | कटुस हुने क्षेत्र | ७ मीटर |

(ग) माथि उल्लेखित फलफूलका विरुवाहरु रोपे वापत कृषकहरु/संस्थाले तपशिल बमोजिमको क्रियाकलापमा अनुदान पाउने छन् । जसको लागि अनुसूची ३ अनुसारको फारम भर्नु पर्ने छ ।

| क.सं. | क्रियाकलाप | पालिकाबाट पाउने अनुदान | कृषकले बेहोर्ने | कैफियत |
|---|---|---|---|---|
| १ | विरुवा खरिद | ५०% | ५०% | सरकारी दर/रेट |
| २ | विरुवा ढुवानी | ५०% | ५०% | सरकारी दर/रेट |
| ३ | खाल्डो खन्ने, मलमाटो मिलाउने, विरुवा रोप्ने (अग्ला बोट हुने फलफूलको हकमा) | प्रति बोट १०० | - | |
| ४ | राशायनिक मल खरिद | ५०% | ५०% | सरकारी दर/रेट |
| ५ | गोठेमल खरिद/निर्माण | - | १००% | |



प्रदीप राई
गाउँपालिका अध्यक्ष

| | | | | |
|---|---|---|---|---|
| ६ | मार्किङ र विरुवा रोपेपछि मल्चिङ गर्ने काम (अग्ला बोट हुने फलफूलको हकमा) | प्रति बोट रु २० | - | - |
| ७ | स्प्रेयर खरिद | ५०% | ५०% | सरकारी दर/रेट |
| ८ | सिकेचर आदि औजार खरिद | ५०% | ५०% | सरकारी दर/रेट |
| ९ | सिञ्चाईको लागि आवश्यक स्प्रिङकल,पायप र सिमेन्टेड/प्लाष्टिक पोखरी निर्माण (१०० बोट वा ५ रोपनीभन्दा ज्यादा फलफूल लगाउने व्यक्ति वा संस्थालाई मात्र प्लाष्टिक पोखरी वा सिमेन्टेड पोखरीमा अनुदान दिईने छ। | ५०% | ५०% | स्टिमेट अनुसार |
| १० | पोथ्रे फलफूलको हकमा ठाँग्रा लगाउने काम | ५०% | ५०% | |

(घ) अनुदान लिन चाहने कृषक वा संस्थाले भाडामा लिएको जमिन भए चाँडो फल्ने फलफूलको हकमा कम्तीमा १० वर्ष र ढिलो फल्ने फलफूलको हकमा कम्तीमा २५ वर्ष भाडामा लिएको हुनु पर्ने र सो अनुसारको सम्झौता पत्रको प्रतिलिपि पेश गर्नु पर्ने छ।

(ङ) पतझड फलफूलको हकमा मंशीर महिना भित्र खाल्डो तयार गरी माघ महिनाको १५ गतेसम्म रोपी सक्नु पर्ने छ।

(च) सदावहार फलफूलको हकमा वैसाख महिना भित्र खाल्डो तयार गरी असारको पहिलो हप्ता भित्र रोपि सक्नु पर्ने छ।

(छ) विरुवा कुनै कारणवस मरेमा सो स्थानमा सम्बन्धित व्यक्ति वा संस्थाले आफ्नै खर्चमा विरुवा रोप्नु पर्ने छ।

## ८) कार्यक्रम सञ्चालनका लागि छनौटका आधारहरु

(क) भौगोलिक अवस्था उपयुक्त भएको एउटै क्लष्टरमा पर्ने।

(ख) सिञ्चाई पूर्वाधार उपलब्ध भएको वा हुन सक्ने।

(ग) सडक यातायातले छोएको /भविष्यमा छुन सक्ने

(घ) सामुदायिक बनको हकमा आफ्नै क्षेत्र भित्र बाँझो वा काम नलाग्ने बुट्यान क्षेत्र भएको।

(ङ) सामुदायिक विद्यालयको हकमा माध्यामिक तह अध्ययन/अध्यापन भइरहेको र आफ्नै जमिन भएको।

## ९) अनुदान रकम प्रवाहको व्यवस्था :

विरुवा रोप्ने तथा अन्य भौतिक पूर्वाधारहरु निर्माण गर्ने काम सम्पन्न भएपछि सम्बन्धित प्राविधिकले सो को गुणस्तर निरिक्षण गरी प्राविधिक र समितिको सिफारिस प्राप्त भएपछि मात्र खोटेहाङ गाउँपालिकाले अनुदान रकम उपलब्ध गराउने छ।

खोटेहाङ गाउँपालिकाको कार्यालय, खोटाङबजार, खोटाङ, २०७३

प्रदीप राई
गाउँपालिका अध्यक्ष

### १०) अन्य सर्तहरु :

(क) न्यूनतम मापदण्ड पूरा नगरेको खण्डमा अनुदान वापत्को रकम उपलब्ध गराउन गाउँपालिका बाध्य हुने छैन ।

(ख) कार्यक्रममा सहभागी कृषक/संस्थाहरुले यो कार्यक्रम बीचैमा छोड्ने वा विरुवा रोपेको स्थानमा अन्य बोट-विरुवा लगाउने वा भौतिक पूर्वाधारहरु निर्माण गर्न पाउने छैन ।

(ग) माथि उल्लेखित सर्तहरु उल्लंघन भएको भेटिएमा अनुदान वापतको रकम गाउँपालिकाले फिर्ता लिन सक्ने छ । साथै आगामी दिनमा गाउँपालिकाबाट प्राप्त हुने कुनै पनि अनुदानको कार्यक्रममा सहभागी हुनबाट सम्बन्धित व्यक्ति/संस्थालाई बञ्चित गरिने छ ।

## परिच्छेद ३

### ११) अनुगमन, निरिक्षण तथा मुल्याङकन सम्बन्धि व्यवस्था

यस कार्यविधि अनुसार उपलब्ध गराईने अनुदान सदुपयोग भए नभएको बारेमा कार्यालयले जुनसुकै समयमा अनुगमन, निरिक्षण तथा मुल्याङ्कन गर्न सक्ने छ ।

## परिच्छेद-४

## विविध व्यवस्था

### १२) बाधा अडकाउ फुकाउने अधिकार

यस कार्यविधिमा उल्लेखित कुनै प्रावधानहरुमा द्विविधा उत्पन्न भएमा वा यस कार्यविधि कार्यान्वयनमा कुनै बाधा अड्काउ परेमा कार्यपालिकाले द्विविधा हटाउन वा बाधा अड्काउ फुकाउन सक्ने छ ।

### १३) प्रचलित कानून बमोजिम हुने

यस कार्यविधिमा उल्लेखित कुनै प्रावधान प्रचलित कानूनसँग बाझिएमा बाझिएको हदसम्म अमान्य हुने छ ।

### १४) कार्यविधि संशोधन

खोटेहाङ गाउँ कार्यपालिकाले यस कार्यविधिमा समयानुकूल संशोधन गर्न सक्ने छ ।

खोटेहाङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खोटाङबजार, खोटाङ
२०७३



प्रदीप राई
गाउँपालिका अध्यक्ष

# अनुसूची-१

(कार्यविधिको बुँदा नं ५ (ख) सँग सम्बन्धित

अनुदान सहयोगको लागि कृषक/संस्थाले कार्यालयमा पेश गर्ने निवेदनको ढाँचा

मिति.....................

श्री ..........................

**कृषि विकास शाखा मार्फत खोटेहाङ गाउँपालिका, खोटाङ**

**विषय: बाँझो जमिनमा व्यवसायिक फलफूल बगैंचा स्थापना अनुदान सहयोग उपलब्ध गराई दिने बारेमा**

मेरो/हाम्रो नाममा.......................कार्यालयमा दर्ता भएको दर्ता नं..........................को ..........................................कृषि फर्म/समूह/सहकारी/सामुदायिक वन/सामुदायिक विद्यालयलाई **बाझो जमिनमा व्यवसायिक फलफूल बगैंचा स्थापना अनुदान** उपलब्ध गराई दिन हुन निवेदन दस्तुर वापतको राजश्व दाखिला गरी भौचर सहित यो निवेदन पेश गरेको छु/छौं ।

निवेदकको विवरण

१) संस्थाको नाम:

२) सञ्चालक/प्रमुखको नाम:

३) ठेगाना :

४) फर्म/संस्था दर्ता नं र मितिः

५) माग गरिएको कार्यक्रम

## संलग्न कागजातहरु

१) व्यवसाय दर्ता/नविकरण, संस्था दर्ता/नविकरण को प्रमाणपत्रको प्रतिलिपि

२) पान नंको प्रतिलिपि

३) करचुक्ताको प्रतिलिपि

४) अनुभव वा तालिम लिएको भए सो को प्रमाणपत्रको प्रतिलिपि

५) सम्बन्धित वडाको सिफारिस

७) व्यवसायिक कार्य योजना

**निवेदक**

नाम:

ठेगाना:

दस्तखत:

सम्पर्क नं:

संस्थाको छाप:

खोटेहाङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय खोटाङबजार, खोटाङ २०७३

प्रदीप राई
गाउँपालिका अध्यक्ष

# अनुसूची-२

कार्यविधिको बुदाँ नं ६ (५) सँग सम्बन्धित

## प्रस्ताव मुल्याङ्कनका आधारहरु

| क्र.सं. | मुल्याङ्कनका आधार | प्रदान गरिने अङ्क |
|---|---|---|
| १ | आफ्नै जमिन भएको | २० |
| २ | सडक पूर्वाधार भएको | २० |
| ३ | सिञ्चाई सुविधा भएको वा भविश्यमा हुन सक्ने | २० |
| ४ | एउटै क्लष्टरमा पर्ने वा चाक्लाबन्दी भएको जमिन | २० |
| ४ | व्यवसायिक कार्य योजना | २० |

प्रदीप राई

# अनुसूची-३

(कार्यविधिको बुदाँ नं ७ (ग) सँग सम्बन्धित

## बाँझो जमिनमा व्यवसायिक फलफूल बगैंचा स्थापना अनुदान सहयोग सम्झौता

लिखितम् खोटाङ जिल्ला खोटेहाङ गाउँपालिका........नं वडा..................................................टोल ...........................................................................................ले बस्ने म श्री.................................................................................संस्थाको तर्फबाट यस गाउँपालिकाबाट ...........................................................................................शिर्षकको मिति..........................मा प्रकाशित.................................................................................कार्यक्रम माग गरेको छु । मैले/हामीले यस सूचना बमोजिम ............................................................कार्यक्रम माग गरेको छु । मैले/हामीले यस बाँझो जमिनमा व्यवसायिक फलफूल बगैंचा स्थापना अनुदान सञ्चालन कार्यविधि-२०७७ को अधिनमा रही अनुदानको सही उपयोग गर्ने छु/छौं । प्राप्त अनुदान अनुसारको व्यवसाय निरन्तर गर्ने छु/छौं । यो सम्झौता विपरित काम गरेको प्रमाणित भएमा यस कार्यविधिको परिच्छेद २ को बुँदा १० (क,ख,ग) मा उल्लेखित सर्तहरु मान्न मञ्जुर भई यस सम्झौतामा सहीछाप गरिदिएँ/गरिदियौं ।

| सि. नं | कार्यक्रमको नाम | परिमाण | दर | गा.पा.को अनुदान | लागत सहभागिता | जम्मा रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | |
| २ | | | | | | | |
| ३ | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

**गाउँपालिकाको तर्फबाट**

दस्तखत

कर्मचारीको नाम

पद:

मिति:

छाप:

**रोहवर**

दस्तखत

अध्यक्ष/उपाध्यक्षको नाम

पद:

मिति:

**फर्मको तर्फबाट**

दस्तखत

कृषकको नाम:

पद:

मिति:

छाप:

गाउँ खोटेहाङ गाउँपालिका गाउँपालिकाको कार्यालय खोटाङबजार, खोटाङ २०७३

प्रदीप राई गाउँपालिका अध्यक्ष

खोटेहाङ गाउँपालिकाको सम्वत् २०७७ साल पौष १६ गते बसेको गाउँ कार्यपालिका बैठकले नेपालको संविधानको धारा २२६ उपधारा (१) तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ बमोजिम सर्वसम्मत पारित गरेकोले यो विधेयक नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २१ बमोजिम प्रमाणिकरण गर्दछु।

खोटेहाङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खोटाङबजार, खोटाङ
२०७३

(प्रदिप राई)
अध्यक्ष

प्रदीप राई
गाउँपालिका अध्यक्ष

मिति :- २०७७/०९/१६